नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति विकास शाखा)

पत्र संख्याः ज.वि.शा./२९३-२०७३/७४

चलानी नं. ८९६

मितिः २०७३।१२।१७

विषयः वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन सम्बन्धमा ।

श्री अर्थ मन्त्रालय,
सिंहदरवार ।

**तुरुन्त**

चिनियाँ दुतावासबाट प्राप्त चीनमा सञ्चालन हुने तपसिल अनुसारको अध्ययन/तालीम/अध्ययन भ्रमण कार्यक्रममा भाग लिन तहाँ मन्त्रालय वा अन्तर्गतबाट मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको बैठकबाट मिति २०७३/१२/१७ मा देहाय बमोजिम निर्णय भएको हुँदा उक्त कार्यक्रममा उपर्युक्त संख्यामा उम्मेदवार मनोनयन गरी **मिति २०७३/१२/२२** भित्रमा अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनुहुन तथा सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा पठाउने व्यवस्था हुन आवश्यक कार्यार्थ तहाँ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भै सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनी निर्णय भएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

छात्रवृत्ति मनोनयनमा सम्बन्धित सेवा, समुह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाती, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी अवधि काम गरेको आधारका साथै योग्यता पुगेका सहायकस्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिलः

| क्र. सं. | अध्ययन/तालिमको विषय | सिट संख्या | अध्ययन/ तालिम | अध्ययन/ तालिमको अवधि | फाराम सम्बन्धित संस्थामा पुग्नुपर्ने अन्तिम मिति | ब्रोसियर अनुसार आवश्यक योग्यता/सम्बन्धित निकाय वा अन्य प्रासंगिक कुरा | छात्रवृत्ति वितरण गरिएका निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| 1 | Master of Chinese Economy<br>Renmin University of China | 1 (One) | Study | 2 Years<br>(2017/9/1-2019/8/31) | June 30, 2017 | • be a bachelor's degree holder.<br>• be under the age of 45.<br>• have sufficient English or Chinese proficiency which meets of academic requirements of the program. English: IELTS 6.0 or above, Chinese: HSK level 4 (score 180) or above, or other evidence which indicates your English or Chinese proficiency is adequate. | **अर्थ मन्त्रालयले मनोनयन गर्ने ।** |

रविन्द्र मानन्धर
(शाखा अधिकृत)

बोधार्थः

श्री राष्ट्रिय योजना आयोगको सचिवालय, आर्थिक विश्लेषण तथा बैदेशिक सहायता समन्वय शाखा, सिंहदरवार।
श्री अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिंहदरवार ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरवार ।

"सेवामुखी प्रशासन : संघीयतामा सुशासन"
सिंहदरबार, काठमाण्डौ, नेपाल फोन नम्बर: ०१-४२००३६७/४२००३६८/४२००३६९ फ्याक्स नम्बर: ९७७-०१-४२००२३८
अडियो नोटिस बोर्ड नम्बर: १६१८०१४२००३१४ / इमेल: info@moga.gov.np / वेबसाइटः www.moga.gov.np.